## रूहानी ड्रिल

बापदादाले सबै बच्चाहरूको स्वीट साइलेन्सको स्थितिलाई देखिरहनु भएको छ। एक सेकेण्डमा साइलेन्सको स्थितिमा स्थित हुने, यो अभ्यास कहाँसम्म गरेका छौ? यस स्थितिमा जब चाहन्छौ तब स्थित हुन सक्छौ वा समय लाग्छ? किनकि अनादि स्वरूप स्वीट साइलेन्स हो। आदि स्वरूप आवाजमा आउने हो। तर अनादि अविनाशी संस्कार साइलेन्स हो। त्यसैले आफ्नो अनादि संस्कार, अनादि स्वरूपलाई, अनादि स्वभावलाई जानेर जब चाहन्छौ तब त्यो स्वरूपमा स्थित हुन सक्छौ? तर ८४ जन्म आवाजमा आउनु पर्ने हुन्छ, त्यसैले सदा आवाजमा आउने अभ्यास भएको छ। तर अब अनादि स्वरूपमा र फेरि यो समय चक्र पूरा भएको कारणले फर्केर साइलेन्स होममा पनि जानु छ। अब घर जाने समय समीप छ। अहिले आदि, मध्य, अन्त्य तीनै कालको पार्ट समाप्त गरेर आफ्नो अनादि स्वरूपमा, अनादि स्थितिमा स्थित हुने समय हो। त्यसैले यस समयमा यही अभ्यासको धेरै आवश्यकता छ। आफूले आफैँलाई जाँच गर– कर्मेन्द्रियजित बनेको छु? आवाजमा आउन नचाहेमा यो मुखको आवाजले आफूतर्फ खिँच्न त खिँच्दैन? यसैलाई नै रूहानी ड्रिल भनिन्छ।

जसरी वर्तमान समय प्रमाण शरीरको लागि सर्व बिमारीको उपचार एक्सरसाइज सिकाउँछन्, त्यसैगरी यस समयमा आत्मालाई शक्तिशाली बनाउनको लागि यो रूहानी एक्सरसाइजको अभ्यास चाहिन्छ। चारैतिर जस्तोसुकै वातावरण होस्, हलचल होस् तर आवाजमा रहेर पनि अब धेरै समयको आवाज भन्दा परको स्थितिको अभ्यास चाहिन्छ। शान्त वातावरणमा शान्तिको स्थिति बनाउनु यो कुनै ठूलो कुरा होइन। अशान्तिको बीचमा शान्त रहने, यो अभ्यास हुनुपर्छ। यस्तो अभ्यास जानेका छौ? चाहे आफ्ना कमजोरीहरूको हलचल होस्, संस्कारहरूको व्यर्थ संकल्पको हलचल होस्– यस्तो हलचलको समयमा स्वयंलाई अचल बनाउन सक्छौ वा समय लाग्छ? किनकि समय लाग्छ भने यसले जहिले पनि धोका दिन सक्छ। समाप्तिको समयमा धेरै समय मिल्नेवाला छैन। अन्तिम रिजल्टको परीक्षा केही सेकेण्ड र मिनेटको नै हुनेछ। त्यसैले चारैतिरको हलचलको वातावरणमा अचल रहेमा मात्र नम्बर मिल्ने छ। तर धेरै समय हलचलको स्थितिमा अचल बन्न समय लाग्ने अभ्यास छ भने समाप्तिको समयमा के रिजल्ट होला? त्यसैले यो रूहानी एक्सरसाइजको अभ्यास गर। मनलाई जहाँ र जति समय स्थित गर्न चाहन्छौ त्यति समय स्थित गर्न सक्नुपर्छ। अन्तिम परीक्षा छ धेरै सजिलो। पहिले नै बताइएको छ यस्तो परीक्षा आउँछ भनेर। तर नम्बर धेरै छोटो समयमा लिनु पर्ने हुन्छ। अवस्था पनि शक्तिशाली हुनुपर्छ।

देह, देहको सम्बन्ध, देहको संस्कार, व्यक्ति वा वैभव, भाइब्रेशन, वायुमण्डल सबै भएर पनि आकर्षित नगरून्। यसैलाई नै भनिन्छ– नष्टमोह समर्थ स्वरूप। त्यसैले यस्तो अभ्यास छ? मानिसहरू कराइरहे पनि तिमी अचल रहनु छ। प्रकृतिले पनि, मायाले पनि सबैले अन्तिम दाउ लगाउनको लागि जतिसुकै आफूतर्फ आकर्षित गरे पनि तिमीहरू न्यारा र बाबाको प्यारा बन्ने स्थितिमा लवलीन रहनु छ र यसैलाई भनिन्छ देखेर पनि नदेख्नु, सुनेर पनि नुसुन्नु..... यस्तो अभ्यास होस्। यसैलाई नै स्वीट साइलेन्स स्वरूपको स्थिति भनिन्छ। फेरि पनि बापदादाले समय दिइरहनु भएको छ। यदि कुनै पनि कमी छ भने अझै पनि भर्न सक्छौ किनकि बहुतकालको हिसाब सुनाइएको छ। त्यसैले अहिले अलिकति मौका छ, त्यसैले यो अभ्यासतर्फ पूरा ध्यान राख। सम्मान सहित पास हुने वा पास मात्र हुने यसको आधार यही अभ्यासमा छ। यस्तो अभ्यास छ? समयको घण्टी बज्नासाथ तयार हुन्छौ वा सोच्छौ तयार भइएला नि भनेर? यही अभ्यासको कारणले अष्ट रत्नको माला विशेष छोटो बनेको छ। धेरै कम समयको हुन्छ। जसरी तिमीहरूले भन्छौ नि सेकेण्डमा मुक्ति वा जीवनमुक्तिको वर्सा लिने सबैको अधिकार छ। त्यस्तै समाप्तिको समयमा पनि थोरै समयमा नै नम्बर लिनु पर्ने हुन्छ। तर अलिकति पनि हलचल नहोस्। बिन्दु भनियो र बिन्दुमा टिकियोस्। बिन्दु नहल्लियोस्। यस्तो होइन, त्यस समयमा अभ्यास गर्न थालियोस्– म आत्मा हुँ... म आत्मा हुँ... यसरी चल्दैन किनकि सुनाइसकेको छु– आक्रमण पनि चारैतिरबाट हुन्छ। अन्तिम प्रयास सबैले गर्नेछन्। प्रकृतिमा पनि जति शक्ति छ, मायामा पनि जति शक्ति छ सबैले प्रयास गर्नेछन्। तिनीहरूको पनि अन्तिम प्रयास र तिम्रो अन्तिम कर्मातीत, कर्मबन्धन मुक्त स्थिति हुनेछ। दुवैतर्फको

धेरै शक्तिशाली दृश्य हुनेछ। तिनीहरूको पनि सर्वशक्ति र यसको पनि सर्वशक्ति। तर सेकेण्डको विजयले विजयको नगारा बजाउनै छ। बुझ्यौ, अन्तिम परीक्षा कस्तो हुन्छ? सबैले शुभ संकल्प त यही राख्छन् र राख्नु पनि पर्छ– नम्बरवनमा आउनु नै छ। जब सबै कुरामा विजयी हुन्छौ तब नम्बरवनमा आउने छौ। यदि एउटा कुरामा अलिकति पनि व्यर्थ संकल्प, व्यर्थ समय लाग्यो भने नम्बर पछाडि हुनेछ त्यसैले सबै जाँच गर। सबै कुरा जाँच गर। डबल विदेशीहरू सबैमा तीव्र जान चाहन्छौ नि। त्यसैले तीव्र पुरुषार्थ वा पूरा ध्यान यस अभ्यासमा अहिलेदेखि नै दिइराख। बुझ्यौ? परीक्षालाई पनि जानेका छौ र समयलाई पनि जानेका छौ। त्यसैले सबै पास हुनु पर्ने हो। यदि पहिल्यै प्रश्नहरू थाहा भयो भने तयारी पनि गर्छन्। अनि फेरि पास हुन्छन्। तिमीहरू सबै त पास हुनेवाला हौ नि! अच्छा।

यो सीजनमा बापदादाले हरेकसँग मिल्नको लागि भण्डारा खुल्ला छोड्नु भएको छ। अगाडि के हुनेछ त्यो फेरि बताउँला। अहिले खुल्ला भण्डाराबाट जति पनि लिन आएका छन् तिनीहरूले त लिन्छन् नै। ड्रामाको दृश्य सदा परिवर्तन भइरहन्छ तर यो सीजनमा चाहे भारतवासीलाई चाहे डबल विदेशीहरूलाई सबैलाई विशेष वरदान त मिलेको छ नै। वापदादाले जुन प्रतिज्ञा गर्नु भएको छ त्यो त निर्वाह गर्नुहुन्छ। यो सीजनको फल खाऊ। फल हो मिलन र वरदान। सबै सीजनको फल खान आएका हौ नि। बापदादालाई पनि बच्चाहरूलाई देखेर खुसी लाग्छ। फेरि पनि साकारी सृष्टिमा सबै हेर्नु पर्ने हुन्छ। अहिले त मोज मनाऊ। फेरि सीजनको अन्तिममा सुनाउँला।

सेवा स्थान बेग्ला-बेग्लै भए तापनि सेवाको लक्ष्य त एउटै छ। उमंग-उल्लास एउटै छ त्यसैले बापदादाले सबै स्थानलाई विशेष महत्त्व दिनु हुन्छ। यस्तो होइन एउटा स्थानको महत्त्व छ र अर्काको कम छ। होइन। जुनसुकै पनि धरनीमा बच्चाहरू पुगेका छन् त्यसबाट कुनै न कुनै विशेष रिजल्ट अवश्य निस्कनु छ। तर कसैको चाँडै देखिन्छ, कसैको समय आएपछि देखिन्छ। तर विशेषता सबैतर्फको छ। कति राम्रा-राम्रा रत्नहरू निस्किएका छन्। यस्तो नसम्झनु– हामी त साधारण छौं। सबै विशेष छौ। यदि कोही विशेष नहुँदो हो त बाबाको पासमा पुग्ने थिएन। विशेषता छ तर कसैले विशेषतालाई सेवामा लगाउँछन्, कोही सेवामा लगाउनको लागि अहिले तयार भइरहेका छन्। बाँकी हुन् सबै विशेष आत्माहरू। सबै महारथी, महावीर छन्। एक-एकको महिमा सुरु गर्यो भने लम्बा-चौडा माला बन्छ। शक्तिहरूको पनि त्यस्तै छ– हरेक शक्ति महान आत्मा, विश्व कल्याणकारी आत्मा देखिन्छ। यस्ता छौ नि? वा केवल आ-आफ्नो स्थानको कल्याणकारी हौ? अच्छा।

**"अव्यक्त-बापदादा" रिभाइज १९-०३-८६**

**अमृतबेला– श्रेष्ठ प्राप्तिको बेला**

आज रूहानी बागवानले आफ्ना रूहानी गुलाबका फूलहरूको बगैँचा देखिरहनु भएको छ। यस्तो रूहानी गुलाबको बगैँचा अहिले संगमयुगमा नै बापदादाद्वारा नै बन्छ। बापदादाले हरेक रूहानी गुलाबका फूलहरूको रूहानियतको सुगन्ध र रूहानियतले फुलेका पुष्पहरूको सुन्दरता देखिरहनु भएको छ। सुगन्धित सबै छन् तर कसैको सुगन्ध सदा काल रहन्छ र कसैको सुगन्ध थोरै समयको लागि रहन्छ। कुनै गुलाब सदा फुलेका हुन्छन् र कुनै कहिले फुल्ने र कहिले अलिकति घाम वा मौसमको हिसाबले ओइलाउँछन् पनि। तर हुन् सबै रूहानी बागवानका बगैंचाका रूहानी गुलाब। कुनै-कुनै रूहानी गुलाबमा ज्ञानको सुगन्ध विशेष छ। कसैमा यादको सुगन्ध विशेष छ र कसैमा धारणाको सुगन्ध, कसैमा सेवाको सुगन्ध विशेष छ। कुनै-कुनै यस्ता पनि छन् जो सर्व सुगन्धले सम्पन्न छन्। त्यसैले बगैँचामा सबैभन्दा पहिला दृष्टि को माथि जान्छ? जसको सुगन्धले टाढैबाट आकर्षित गर्छ, त्यतैतिर सबैको दृष्टि पहिला जान्छ। त्यसैले रूहानी बागवानले सदैव सबै रूहानी गुलाबका पुष्पहरूलाई हेर्नुहुन्छ। तर नम्बरवार। प्यार पनि सबैसँग छ किनकि हरेक गुलाब पुष्प भित्र बागवान प्रति अति प्यार छ। मालिकसँग पुष्पहरूको प्यार छ र मालिकको पुष्पहरूसँग प्यार छ। तर पनि सदा शोकेशमा राखिने रूहानी गुलाब उही हुन्छ जो सदा सर्व सुगन्धले सम्पन्न हुन्छ र सदा फुलेको हुन्छ। कहिल्यै नओइलिने होस्। सधैं अमृतबेला बापदादाले स्नेह र शक्तिको विशेष पालनाले सबै रूहानी गुलाबका पुष्पहरूसँग मिलन मनाउनु हुन्छ।

अमृतबेला विशेष प्रभु पालनाको बेला हो। अमृतबेला विशेष परमात्म मिलनको बेला हो। मनमनै कुरा गर्ने बेला हो। अमृतबेला भोला भण्डारीको वरदानहरूका खजानाबाट सहज वरदान प्राप्त हुने बेला हो। जुन गायन छ– मनले

चिताएको फल प्राप्त गर्ने, यो यस समयको अमृतबेलाको गायन हो। विना मेहनत खुल्ला खजाना प्राप्त गर्ने बेला हो। यस्तो सुन्दर समयलाई अनुभवले जान्दछौ नि। अनुभवीले नै जान्दछ यो श्रेष्ठ सुखलाई, श्रेष्ठ प्राप्तिलाई। त्यसैले बापदादा सबै रूहानी गुलाबलाई हेरी-हेरी हर्षित भइरहनु भएको छ। बापदादाले पनि भन्नुहुन्छ– वाह मेरा रूहानी गुलाबहरू। तिमीहरूले वाह-वाहको गीत गाउँछौ त्यसैले बापदादाले पनि यही गीत गाउनु हुन्छ। बुझ्यौ?

मुरली त धेरै सुनेका छौ। सुनी-सुनी सम्पन्न बनेका छौ। अहिले महादानी बनेर बाँढ्ने योजना बनाइरहेका छौ। यो उमंग धेरै राम्रो छ। आज यू. के. अर्थात् ओ. के. रहनेहरूको पालो हो। डबल विदेशीहरूको एउटा शब्द सुनेर बापदादा सदा मुस्कुराइरहनुहुन्छ। कुनचाहिं? थैंक यू। थैंक यू गर्दा पनि बाबालाई याद गरिरहन्छन् किनकि सबैभन्दा पहिला दिलबाट धन्यबाद बाबाको नै मान्छन्। त्यसैले कसैलाई पनि थैंक यू भन्दा पहिला बाबा याद आउँछ नि। ब्राह्मण जीवनमा पहिलो धन्यवाद स्वत: नै बाबा प्रति निस्किन्छ। उठ्दा-बस्दा अनेक पटक थैंक यू भन्छौ। यो पनि एउटा विधि हो बाबालाई याद गर्ने। यू. के.का बच्चाहरू सबै भिन्न-भिन्न हदको शक्ति भएकालाई मिलाउन निमित्त बनेका छन् नि। अनेक प्रकारका ज्ञानका शक्तिहरू छन्। भिन्न-भिन्न शक्ति, भिन्न-भिन्न वर्ग, भिन्न-भिन्न धर्म, भाषा सबैलाई मिलाएर एउटै ब्राह्मण वर्गमा, ब्राह्मण धर्ममा, ब्राह्मण भाषामा ल्याउनु छ। ब्राह्मणहरूको भाषा पनि आफ्नो छ। जुन नयाँले बुझ्न पनि सक्दैनन्– यिनीहरूले के बोलिरहेका छन्। त्यसैले ब्राह्मणहरूको भाषा, ब्राह्मणहरूको डिक्सनरी नै बेग्लै छ। त्यसैले यू. के. वाला सबैलाई एक बनाउनमा व्यस्त रहन्छौ नि। संख्या पनि राम्रो छ र स्नेह पनि राम्रो छ। हरेक स्थानको आ-आफ्नो विशेषता त छ नै तर आज यू. के.को सुनाइरहेको छु। यज्ञ सहयोगी, यज्ञ स्नेही– यो विशेषता राम्रो देखिन्छ। हर कदममा पहिला यज्ञ अर्थात् मधुबनको हिस्सा निकाल्नमा राम्रो नम्बरमा गइरहेका छन्। डाइरेक्ट मधुबनको याद आउनु, यो एउटा विशेष लिफ्ट बन्न पुग्छ। हर कार्यमा, हर कदममा मधुबन अर्थात् बाबाको याद हुन्छ वा बाबाको पढाइ हुन्छ वा ब्रह्मा भोजन हुन्छ वा बाबासँग मिलन हुन्छ। मधुबनले स्वत: नै बाबाको याद दिलाउँछ। जहाँ भए पनि मधुबनको याद आउनु अर्थात् विशेष स्नेहको लिफ्ट बन्नु हो। चढ्ने मेहनतबाट छुट्छन्। सेकेण्डमा स्विच अन गर्छन् र पुग्छन्।

बापदादालाई अरू कुनै हीरा मोती त चाहिँदैन। बाबालाई स्नेहको सानो वस्तु नै हीरा, रत्न हुन्छ त्यसैले सुदामाको चामलको गायन छ। यसको भावार्थ यही हो– स्नेहको सानो वस्तुमा पनि मधुबन याद आउँछ। त्यसैले त्यो पनि धेरै ठूलो अमूल्य रत्न हुन्छ किनकि स्नेहको मूल्य छ। मूल्य स्नेहको हुन्छ। चीजको होइन। यदि कसैले त्यसै जतिसुकै देओस् तर स्नेह छैन भने त्यसको जम्मा हुँदैन र स्नेहले थोरै पनि जम्मा गर्यौ भने त्यसको पदम जम्मा हुन्छ। बाबालाई स्नेह मन पर्छ। यू.के.का बच्चाहरूको विशेषता यज्ञ स्नेही, यज्ञ सहयोगी बन्ने सुरुदेखि नै रहेको छ। यो नै सहज योग पनि हो। सहयोग सहजयोग हो। सहयोगको संकल्प आउँदा पनि याद त बाबाको नै आउँछ नि। त्यसैले सहयोगी सहज योगी स्वत: नै बन्छन्। योग बाबासँग हुन्छ, मधुबन अर्थात् बापदादासँग हुन्छ। त्यसैले सहयोगी बन्नेहरू पनि सहजयोगको विषयमा राम्रो नम्बर ल्याउनेवाला हुन्छन्। दिलको सहयोग बाबालाई प्रिय लाग्छ त्यसैले यहाँ यादगार पनि दिलवाला मन्दिर बनाइएको छ। दिलवाला बाबालाई दिलको स्नेह, दिलको सहयोग नै प्रिय लाग्छ। सानो दिल भएकाले सानो लेनदेन गरेर नै खुसी हुन्छन् र ठूलो दिल भएकाले बेहदको लेनदेन गर्छन्। जग ठूलो दिलको छ त्यसैले विस्तार पनि ठूलो भइरहेको छ। जसरी कत्ति स्थानमा वृक्ष देखेका छौ होला– वृक्षका हाँगाहरू पनि मूल बनेका हुन्छन्। त्यसैले यू.के.को जगबाट मूल निस्कियो, हाँगाहरू निस्किए। अहिले ती हाँगाहरू पनि मूल बनिसकेका छन्। ती मूलबाट पनि हाँगाहरू निस्किरहेका छन्। जस्तै अस्ट्रेलिया निस्कियो, अमेरिका, यूरोप, अफ्रीका निस्किए। सबै मूल बने। हरेक मूलका हाँगाहरूले पनि राम्रोसँग वृद्धि प्राप्त गरिरहेका छन् किनकि जग स्नेह र सहयोगको पानीले मजबूत छ। त्यसैले विस्तार पनि राम्रो छ र फल पनि राम्रा छन्। अच्छा।

**वरदान:–** **देहभानलाई त्याग गरेर निर क्रोध बन्ने निर्मानचित्त भव**

जुन बच्चाले देहभानको त्याग गरेको हुन्छ उसलाई कहिल्यै पनि क्रोध आउन सक्दैन। किनकि क्रोध आउने दुई कारण छन्। १- जब कसैले झूटो कुरा भन्छ र २- जब कसैले ग्लानि गर्छ। यिनै दुई कुराले क्रोधलाई जन्म दिन्छन्। यस्तो परिस्थितिमा निर्मानचित्तको वरदानद्वारा अपकारी माथि पनि उपकार गर, गाली गर्नेहरूलाई गला लगाऊ, निन्दा गर्नेहरूलाई सच्चा मित्र मान– तब भनिन्छ कमाल। जब यस्तो परिवर्तन देखाउँछौ तब विश्वको अगाडि प्रसिद्ध हुने छौ।

**स्लोगन:–** मोजको अनुभव गर्नको लागि मायाको अधिनतालाई छोडेर स्वतन्त्र बन।